संसारका श्रमजीवी एक होऔं !

# नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को

# नियमावली- २०७५

(अन्तरिम विधान– २०७५ को धारा– ७१ बमोजिम पारित)

| | |
|---|---|
| पुस्तकको नाम | : नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को नियमावली- २०७५ |
| प्रकाशक | : नेपाल कम्युनिष्ट पार्टी (नेकपा), केन्द्रीय कार्यालय |
| संस्करण | : पहिलो |
| मुद्रित प्रति | : १० हजार |
| प्रकाशन मिति | : २०७५ साउन ४ |
| मूल्य | : रु. ४०/- |

# विषय-सूची


| | | |
|---|---|---|
| परिच्छेद- एक | प्रारम्भिक | ४ |
| परिच्छेद- दुई | सदस्यता र सङ्गठित सदस्यता | ६ |
| परिच्छेद- तीन | महाधिवेशन तथा अधिवेशन | ८ |
| परिच्छेद- चार | स्थानीय कमिटीका लागि उम्मेदवारीको मापदण्ड | ९ |
| परिच्छेद- पाँच | बैठक सञ्चालन र निर्णय प्रक्रिया | १० |
| परिच्छेद- छ | प्रतिनिधिको व्यवस्था | ११ |
| परिच्छेद- सात | विभाग | १२ |
| परिच्छेद- आठ | सम्पर्क मञ्च | ३६ |
| परिच्छेद- नौ | प्रवास क्षेत्रको काम | ३७ |
| परिच्छेद- दश | विविध | ३७ |
| **अनुसूचीहरू** | | |
| अनुसूची- १ | सदस्यता विवरण | ४१ |
| अनुसूची- २ | सङ्गठित सदस्यता विवरण | ४२ |
| अनुसूची- ३ | परिचय-पत्र | ४३ |
| अनुसूची- ४ | अन्य कम्युनिष्ट समूहबाट नेपाल कम्युनिष्ट पार्टी (नेकपा) मा एकीकृत/समाहित हुने व्यक्तिको राजनीतिक तथा साङ्गठनात्मक विवरण | ४४ |
| अनुसूची- ५ | सङ्गठित सदस्यता स्थानान्तरण-पत्र | ४५ |
| अनुसूची ६ | सदस्यता स्थानान्तरण-पत्र | ४६ |
| अनुसूची- ७ | मनोनयन सिफारिस विवरण | ४७ |
| अनुसूची- ८ | पार्टी प्रवेश आवेदन-पत्र | ४८ |

# नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को
# नियमावली– २०७५

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को अन्तरिम विधान- २०७५ को धारा- ७१ बमोजिम यो नियमावली पारित गरी जारी गरिएको छ ।

## परिच्छेद– १
## प्रारम्भिक

१. **नाम र प्रारम्भ**

क) यस नियमावलीको नाम नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को नियमावली- २०७५ रहेको छ ।

ख) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा

क) 'पार्टी' भन्नाले नेपाल कम्युनिष्ट पार्टी (नेकपा) सम्झनुपर्दछ ।

ख) 'विधान' भन्नाले नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को अन्तरिम विधान- २०७५ सम्झनुपर्दछ ।

ग) 'नियमावली' भन्नाले नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को नियमावली- २०७५ सम्झनुपर्दछ ।

घ) 'विभाग' भन्नाले पार्टी विधान र यस नियमावली बमोजिम गठित विभाग सम्झनुपर्दछ ।

ङ) 'दल' भन्नाले नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को सङ्घीय संसदीय दल, प्रदेशसभा दल तथा स्थानीय तह दल सम्झनुपर्दछ ।

च) 'विनियम' वा 'निर्देशिका' भन्नाले पार्टी विधान र यस नियमावली बमोजिम बनाई लागू गरिएको विनियम वा निर्देशिका सम्झनुपर्दछ ।

छ) 'संयन्त्र' भन्नाले पार्टी विधान र यस नियमावली बमोजिम गठित पार्टीको संयन्त्र सम्झनुपर्दछ ।

ज) 'कार्यालय' भन्नाले कुनै पनि तहको पार्टी कार्यालय सम्झनुपर्दछ ।

झ) 'केन्द्रीय सचिवालय' भन्नाले पार्टी विधान अनुरूप गठित केन्द्रीय सचिवालय सम्झनुपर्दछ ।

ञ) 'कार्यालय सचिव' भन्नाले कुनै पनि तहको पार्टी कार्यालयको सचिव सम्झनुपर्दछ ।

ट) 'आर्थिक बर्ष' भन्नाले प्रचलित आर्थिक वर्ष सम्झनुपर्दछ ।

ठ) 'आन्तरिक लेखापरीक्षण' भन्नाले अन्तिम लेखापरीक्षणभन्दा पहिले आर्थिक विभागले तोकेको व्यक्तिबाट गरिने लेखापरीक्षण सम्झनुपर्दछ ।

ड) 'अन्तिम लेखापरीक्षण' भन्नाले पार्टीको केन्द्रीय लेखापरीक्षण आयोगबाट गरिने लेखापरीक्षण सम्झनुपर्दछ ।

ढ) 'पार्टी कमिटी' भन्नाले पार्टीको विधान अनुरूप गठित कुनै पनि तहको पार्टी कमिटी सम्झनुपर्दछ ।

ण) 'प्रमुख' भन्नाले विभागको प्रमुख सम्झनुपर्दछ ।

त) 'इन्चार्ज' भन्नाले भौगोलिक क्षेत्रका पार्टी कमिटी, जनवर्गीय सङ्गठन, पेशागत र सामुदायिक सङ्गठनका पार्टी इन्चार्ज सम्झनुपर्दछ ।

थ) 'पार्टीसम्बद्ध जनवर्गीय सङ्गठन' भन्नाले पार्टीको राजनीतिक नेतृत्वमा आफ्नो विधान अनुरूप सञ्चालन हुने जनवर्गीय सङ्गठन सम्झनुपर्दछ ।

द) 'महाधिवेशन' भन्नाले विधानबमोजिम आयोजना गरिने पार्टीको राष्ट्रिय महाधिवेशन सम्झनुपर्दछ ।

ध) 'संयोजक' भन्नाले सम्पर्क समन्वय कमिटी र प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन क्षेत्र समन्वय कमिटीको संयोजक सम्झनुपर्दछ ।

न) 'आयोग' भन्नाले पार्टीको केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखापरीक्षण आयोग र केन्द्रीय निर्वाचन आयोग सम्झनुपर्छ ।

प) 'पार्टीका स्थानीय तह' भन्नाले जिल्ला कमिटी, विशेष जिल्ला कमिटी, प्रदेश सम्पर्क कमिटी, प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन क्षेत्र समन्वय कमिटी, महानगर/उपमहानगर, नगर/गाउँ कमिटी, वडा/शाखा कमिटी, प्रारम्भिक कमिटी भन्ने सम्झनुपर्दछ । यसले

तत्-तत् स्तरका सङ्गठन कमिटी, सल्लाहकार परिषद् र ज्येष्ठ कम्युनिष्ट मञ्चलाई समेत बुझाउँछ ।

फ) 'सीमान्तकृत जनजाति' भन्नाले आदिबासी जनजाति समुदायभित्रका आर्थिक, सामाजिक, शैक्षिक र साँस्कृतिक रूपले अति पिछडिएका र नेपाल आदिबासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन- २०५८ अनुसार सीमान्तकृत, अति सीमान्तकृत र लोपोन्मुख भनी वर्गीकृत अल्पसङ्ख्यक जनजाति समूहलाई जनाउँछ ।

## परिच्छेद- २
## सदस्यता र सङ्गठित सदस्यता

### ३ सदस्यता तथा सङ्गठित सदस्यताको आवेदन, नवीकरण र अभिलेख

क) सदस्यता अभिलेख फारम अनुसूची- १ बमोजिम हुनेछ ।

ख) सङ्गठित सदस्यताको आवेदनपत्र कुनै पनि तहको स्थानीय पार्टी कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

ग) हरेक वर्षको फागुन-चैत महिनामा सदस्यता तथा सङ्गठित सदस्यताको नवीकरण गर्नु पर्नेछ । विशेष अवस्थामा केन्द्रीय कमिटीले सदस्यता तथा सङ्गठित सदस्यता नवीकरणको समय हेरफेर गर्न सक्नेछ ।

घ) जिल्ला कमिटी वा सोभन्दा माथिल्लो कमिटीको निर्णयबाट विशेष काममा खटाइएका बाहेक सम्पूर्ण सङ्गठित सदस्यहरू पार्टीको कुनै न कुनै कमिटी वा आयोग वा विभाग वा संयन्त्र वा पार्टी सेलमा वा तोकिएबमोजिम सङ्गठित हुनुपर्नेछ ।

ङ) सङ्गठित सदस्यता नवीकरण गर्न सङ्गठित सदस्यका अधिकार र कर्तव्य पूरा गरेको हुनुपर्नेछ ।

च) जिल्ला कमिटी वा सो मातहतका सङ्गठित सदस्यको नवीकरण जिल्ला कमिटीले र सोभन्दा माथिल्लो कमिटी वा निकायमा कार्यरत सङ्गठित सदस्यको नवीकरण सम्बन्धित कमिटीले गर्नुपर्नेछ ।

छ) सङ्गठित सदस्यताको अभिलेख अनुसूची- २ मा उल्लिखित ढाँचामा जिल्ला कमिटी, प्रदेश कमिटी र केन्द्रीय सङ्गठन विभागमा राखिनेछ ।

## ४. सदस्यता शुल्क र लेबी

क) विधानको धारा- ९ (ख) २ बमोजिम सदस्यता शुल्क मासिक रु. २५/- र धारा- १० (ख) ४ बमोजिम सङ्गठित सदस्यता शुल्क मासिक रु. ५०/- हुनेछ ।

ख) सदस्यता तथा सङ्गठित सदस्यता शुल्कको ४० प्रतिशत केन्द्रीय कमिटीमा, २५ प्रतिशत सम्बन्धित प्रदेश कमिटीमा, २५ प्रतिशत सम्बन्धित जिल्ला कमिटीमा र १० प्रतिशत सम्बन्धित गाउँ वा नगर कमिटीमा रहनेछ ।

ग) प्रत्येक कमिटीले आफूभन्दा ठीक एक तह तल्लो कमिटीलाई र आफ्ना कमिटीका सदस्यहरूलाई लेबी तोक्न सक्नेछ ।

घ) पार्टीका तर्फबाट प्रधानमन्त्री, मन्त्री तथा सांसद बनेका र केन्द्रीय तहको राजनीतिक नियुक्ति प्राप्त व्यक्तिलाई केन्द्रीय कमिटीले, प्रदेशमा मुख्यमन्त्री, मन्त्री तथा सांसद बनेका र प्रदेश तहको राजनीतिक नियुक्ति प्राप्त व्यक्तिलाई प्रदेश कमिटीले र स्थानीय तहका विभिन्न पदमा कार्यरत जनप्रतिनिधि र राजनीतिक नियुक्ति प्राप्त व्यक्तिलाई सम्बन्धित तहको स्थानीय कमिटीले लेबी तथा शुल्क तोक्न सक्नेछ ।

## ५. सदस्यता–पत्र तथा परिचय–पत्रको प्रमाणीकरण

क) सदस्यता प्रदान गर्ने कमिटीको अध्यक्षले सदस्यता-पत्र प्रमाणित गर्नेछन् ।

ख) सङ्गठित सदस्यताको निर्णय गर्ने कमिटीका अध्यक्षले सङ्गठित सदस्यता-पत्र प्रमाणित गर्नेछन् ।

ग) सबै तहका कमिटीका अध्यक्षले आफ्नो कमिटी र आफ्नो तहका विभागका पदाधिकारी तथा सदस्यहरूको र आयोगका अध्यक्षले आफ्नो आयोगका पदाधिकारी तथा सदस्यहरूको परिचय-पत्र प्रमाणित गर्नेछन् ।

घ) केन्द्रीय कमिटीका दुई अध्यक्षमध्ये एकले अर्काको परिचय-पत्र प्रमाणित गर्नेछन् । केन्द्रीय आयोग, प्रदेश तथा सम्पर्क कमिटी र सबै तहका स्थानीय पार्टी कमिटीका अध्यक्षको परिचयपत्र सम्बन्धित आयोग वा कमिटीका सचिवले प्रमाणित गर्नेछन् ।

ङ) सबै तहको कमिटीका पदाधिकारी तथा सदस्यहरूको परिचय-पत्र अनुसूची- ३ बमोजिम हुनेछ ।

## ६. सदस्यता कायम

क) अन्य कम्युनिष्ट समूहबाट नेपाल कम्युनिष्ट पार्टी (नेकपा) मा एकतावद्ध भएका वा प्रवेश गरेका व्यक्तिको सदस्यता तथा सङ्गठित सदस्यता निजले सदस्यता तथा सङ्गठित सदस्यता प्रात गरेको मितिदेखि गणना हुने गरी सम्बन्धित जिल्ला कमिटी वा प्रदेश कमिटी वा केन्द्रीय कमिटीको निर्णयबाट कायम गरिनेछ ।

ख) उपनियम (क) अनुसार पार्टीमा एकतावद्ध भएका वा प्रवेश गरेका सदस्यले अनुसूची- ४ बमोजिमको विवरण फारम भरी सम्बन्धित कमिटीमा बुझाउनुपर्नेछ ।

## ७. सदस्यता स्थानान्तरण

क) जिल्ला कमिटीको कार्यक्षेत्रभित्रका सदस्यता वा सङ्गठित सदस्यता स्थानान्तरण जिल्ला कमिटीले गर्नेछ ।

ख) प्रदेशभित्र एक जिल्लाबाट अर्को जिल्लामा सदस्यता वा सङ्गठित सदस्यता स्थानान्तरण प्रदेश कमिटीले गर्नेछ ।

ग) एक प्रदेशबाट अर्को प्रदेशमा सदस्यता तथा सङ्गठित सदस्यता स्थानान्तरण केन्द्रीय कमिटीले गर्नेछ ।

घ) सङ्गठित सदस्यता स्थानान्तरणको सम्पूर्ण विवरण केन्द्रीय सङ्गठन विभागमा पठाउनुपर्नेछ ।

ङ) सङ्गठित सदस्यता स्थानान्तरण-पत्र अनुसूची- ५ बमोजिम हुनेछ ।

च) सदस्यता स्थानान्तरण-पत्र अनुसूची- ६ बमोजिम हुनेछ ।

# परिच्छेद- ३
# महाधिवेशन तथा अधिवेशन

## ८. एकाताको राष्ट्रिय महाधिवेशन र प्रदेश तथा स्थानीय तहका अधिवेशनका प्रतिनिधि तथा कमिटीका पदाधिकारी र सदस्यको चयन देहायबमोजिम हुनेछः

क) एकताको राष्ट्रिय महाधिवेशन र प्रदेश तथा स्थानीय अधिवेशनका प्रतिनिधिहरूको सङ्ख्या र सङ्गठित सदस्यसँगको अनुपात सम्बन्धित कमिटीले तय गरेबमोजिम हुनेछ ।

ख) महाधिवेशन र अधिवेशन हुने मितिभन्दा अघिल्लो चैतसम्म नवीकरण भई केन्द्रीय सङ्गठन विभागबाट प्रमाणित सङ्गठित सदस्यहरू मात्र अधिवेशनका प्रनिनिधि छान्ने मतदाता हुनेछन् ।

ग) महाधिवेशन र अधिवेशनका प्रतिनधिहरू कमिटीका पदाधिकारी एवम् सदस्य निर्वाचित गर्ने मतदाता हुनेछन् ।

घ) महाधिवेशन र अधिवेशन सञ्चालन गर्नका लागि महाधिवेशन र अधिवेशन आफैँले विधि, प्रक्रिया र आवश्यक संरचना निर्माण गर्नेछ ।

ङ) महाधिवेशन र अधिवेशनले राजनीतिक प्रतिवेदन र अन्य आवश्यक प्रस्तावहरू पारित गर्नुका साथै आफ्नो तहको कमिटीको निर्वाचन गर्नेछ ।

**परिच्छेद- ४**

## स्थानीय कमिटीका लागि उम्मेदवारीको मापदण्ड

९. **स्थानीय कमिटीका पदाधिकारी र सदस्यहरूको मापदण्ड देहायबमोजिम हुनेछ :**

क) प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन क्षेत्रीय कमिटीको सदस्य बन्न कम्तीमा एक कार्यकाल गाउँ वा नगर कमिटीको सदस्यको जिम्मेवारीमा रहीसकेको वा सङ्गठित सदस्य भई कम्तीमा पाँच बर्ष काम गरेको हुनुपर्नेछ । महिला, दलित र पिछडिएको जनजातिका व्यक्ति भए सङ्गठित सदस्य भई चार बर्ष काम गरेको भए पुग्नेछ ।

ख) गाउँ/नगर कमिटीको सदस्य हुन गाउँ/नगर वा वडा/शाखा कमिटीमा रहेर काम गरेको वा सङ्गठित सदस्य भई तीन बर्ष काम गरेको हुनुपर्नेछ । महिला, दलित र पिछडिएको जनजातिका व्यक्ति भए सङ्गठित सदस्य भई दुई वर्ष काम गरेको भए पुग्नेछ ।

ग) कुनै पनि कमिटीको पदाधिकारी हुनका लागि सम्बन्धित तहको कमिटीमा कम्तीमा एक कार्यकाल काम गरिसकेको हुनुपर्नेछ । तर, पहिलो पटक पार्टी कमिटी बनिरहेको स्थानमा भने यो मापदण्ड आकर्षित हुने छैन ।

घ) कमिटीमा काम गरेको अवधि गणना गर्दा मनोनीत सदस्यले मनोनयनपछि व्यतीत गरेको अवधिलाई पनि मानिनेछ ।

## परिच्छेद– ५
# बैठक सञ्चालन र निर्णय प्रक्रिया

**१०. कमिटीका बैठक सञ्चालन प्रक्रिया देहायबमोजिम हुनेछन् :**

क) कार्यसूची निर्धारण

१. कमिटीका बैठकको कार्यसूची अध्यक्षको परामर्शमा केन्द्रीय कमिटीको महासचिवले र अन्य कमिटीको सचिवले तयार गर्नेछन् ।

२. बैठकको आरम्भमा कार्यसूचीमाथि छलफल गरी पारित गरिनेछ ।

ख) छलफल सञ्चालन

१ बैठकमा निर्धारित कार्यसूचीमाथि क्रमशः छलफल चलाइनेछ ।

२. छलफलमा भाग लिन चाहने सदस्यले सम्बन्धित कार्यसूचीमा छलफल प्रारम्भ हुनु अगावै आफ्नो नाम दर्ज गराउनुपर्नेछ ।

३ छलफलको समय विषयको गम्भीरता र छलफलमा सहभागी हुन इच्छुक सदस्य सङ्ख्याका आधारमा निर्धारण गरिनेछ ।

४ छलफलमा भाग लिने सदस्यले विषयमा केन्द्रित भई तोकिएको समय सीमाभित्र आफ्नो मत राख्नुपर्नेछ ।

५ कुनै विषय वा प्रस्तावलाई बैठकले गम्भीर वैचारिक, राजनीतिक र नीतिगत महत्वको ठहर गरी थप छलफल गर्नुपर्ने आवश्यकता महसुस गरेमा छुट्टै बैठकको आयोजना गर्न सक्नेछ ।

६ प्रत्येक कार्यसूचीमा भएको छलफल बहस नोट पुस्तिकामा अभिलिखित गर्नुपर्नेछ ।

ग) निर्णय

१ प्रस्तावमाथिको छलफल सकिएपछि अध्यक्षले छलफलका निष्कर्ष निर्णयार्थ बैठकसमक्ष प्रस्तुत गर्नेछन् ।

२ निर्णय सर्वसम्मतिले र त्यसो हुन नसकेमा मतविभाजनका आधारमा गरिनेछ ।

३ बैठकका निर्णयहरू केन्द्रीय कमिटीको हकमा महासचिव वा महासचिवले तोकेको सदस्य र केन्द्रीय निकाय, मातहत कमिटी र विभागहरूको सचिव वा सचिवले तोकेको सदस्यद्वारा निर्णय पुस्तिकामा लिपिबद्ध गरिनेछ ।

## परिच्छेद– ६
## प्रतिनिधिको व्यवस्था

**११. केन्द्रीय कमिटी र मातहतका कमिटीहरूले आफ्नो मातहतको पार्टी काममा नेतृत्व प्रदान गर्न देहायबमोजिम प्रतिनिधि तोक्न सक्नेछन्:**

क) केन्द्रीय कमिटीले प्रदेश कमिटी, सम्पर्क समन्वय कमिटी, जिल्ला कमिटी, विशेष जिल्ला कमिटी र आवश्यकता अनुसार सोमातहतका कमिटी, जनवर्गीय, पेशागत तथा सामुदायीक सङ्गठनलगायत पार्टी कामका विभिन्न क्षेत्रमा इन्चार्ज र सहइन्चार्ज तोक्न सक्नेछ ।

ख) इन्चार्ज र सहइन्चार्जले आफूलाई तोकिएको कार्यक्षेत्रको समग्र पार्टी काममा केन्द्रीय कमिटीको तर्फबाट वैचारिक, राजनीतिक एवम् सङ्गठनात्मक नेतृत्व प्रदान गर्नेछन् र माथिल्लो कमिटीका निर्देशन र सम्बन्धित कमिटीका निर्णयहरू कार्यान्वयन गर्न र गराउन मार्गदर्शन गर्नेछन् ।

ग) प्रदेश तथा स्थानीय तहका पार्टी कमिटी र जनवर्गीय, पेशागत तथा सामुदायिक सङ्गठनहरूले आफ्ना इन्चार्जसँग नियमित समन्वयमा रहेर काम गर्नेछन् ।

घ) इन्चार्जले आफ्नो कार्यक्षेत्रको समग्र पार्टी कामको प्रतिवेदन नियमित रूपमा पार्टी केन्द्रमा बुझाउनेछन् ।

ङ) प्रदेश तथा स्थानीय तहका पार्टी कमिटीहरूले आफ्नो मातहतको पार्टी कमिटी, जनवर्गीय, पेशागत तथा समुदायीक सङ्गठनलगायत पार्टी कामका विभिन्न क्षेत्रमा इन्चार्ज र सहइन्चार्ज तोक्न सक्नेछन् ।

## परिच्छेद– ७
# विभाग

### १२. केन्द्र, प्रदेश तथा स्थानीय विभागहरू

क) विधानको धारा- ३२ बमोजिम केन्द्रीय तहमा देहायका विभागहरू रहनेछन्:

१. अर्थ तथा योजना विभाग
२. उद्योग तथा वाणिज्य विभाग
३. उपभोक्ता हित तथा आपूर्ति विभाग
४. कृषि तथा भूमिसुधार विभाग
५. कोष तथा आर्थिक व्यवस्थापन विभाग
६. खानेपानी तथा सरसफाई विभाग
७. जलस्रोत, सिँचाइ तथा ऊर्जा विभाग
८. निर्वाचन विभाग
९. न्याय, कानुन तथा मानव अधिकार विभाग
१०. पर्यटन प्रबर्द्धन तथा नागरिक उड्डयन विभाग
११. प्रचार तथा प्रकाशन विभाग
१२. प्रादेशिक मामला विभाग
१३. पार्टी स्कुल विभाग
१४. पुस्तकालय तथा अभिलेख विभाग
१५. भौतिक पूर्वाधार तथा यातायात व्यवस्था विभाग
१६. युवा तथा खेलकुद विभाग
१७. राजकीय मामला तथा सुशासन विभाग
१८. राष्ट्रिय सुरक्षा प्रबर्द्धन विभाग
१९. वन तथा वातावरण विभाग
२०. विज्ञान तथा प्रविधि विभाग
२१. विदेश मामला विभाग

२२. शिक्षा तथा मानवस्रोत विभाग
२३. श्रम तथा रोजगार विभाग
२४. सङ्गठन विभाग
२५. सङ्घीय संसदीय विभाग
२६. समाज कल्याण विभाग
२७. सहकारी तथा गरिबी निवारण विभाग
२८. सहरी विकास विभाग
२९. सामान्य प्रशासन विभाग
३०. साहित्य, कला तथा संस्कृति विभाग
३१. स्थानीय तह विभाग
३२. स्वास्थ्य तथा जनसङ्ख्या विभाग

ख) उपर्युक्त विभागहरूमध्ये राष्ट्रिय हित सुरक्षा प्रबर्द्धन, विदेश मामला, सङ्घीय संसदीयबाहेक अन्य विभागहरू आवश्यकता अनुसार प्रदेश तथा जिल्ला तहमा गठन गर्न सकिनेछ । प्रदेशमा प्रदेशसभा विभाग गठन गर्न सकिनेछ ।

ग) विभागमा सम्बन्धित पार्टी कमिटीको सदस्य प्रमुख र उपप्रमुख रहनेछन् । केन्द्रीय विभागमा पदाधिकारीसहित बढीमा ३५ जना, प्रदेश विभागमा पदाधिकारीसहित बढीमा २५ जना र जिल्ला तहका विभागमा पदाधिकारीसहित बढीमा १५ जना सदस्य रहनेछन् ।

घ) विभागले सदस्यहरूमध्येबाट सचिव निर्वाचित गर्नेछ ।

ङ) विभाग गठन गर्ने कमिटी विघटित भएमा विभागको अवधि स्वतः समाप्त हुनेछ ।

च) विभागहरूले मातहत कमिटी र निकायहरूलाई सीधा निर्देशन दिने वा परिचालन गर्ने छैनन् । मातहत कमिटी वा निकायलाई निर्देशन वा पत्राचार गर्नुपरेमा सम्बन्धित तहको पार्टी कमिटी वा सचिवालयले गर्नेछ ।

छ) विभागले आफ्नो काम प्रभावकारी ढङ्गले सम्पादन गर्न आवश्यकता अनुसार विज्ञ-विशेषज्ञहरूको डेस्क गठन गर्न सक्नेछ ।

ज) सङ्गठन विभागमा सम्वन्धित कमिटीका सदस्यहरू मात्र रहनेछन् ।

झ) विभागहरूले यस नियमावलीमा उल्लेख गरिएका अधिकार र कर्तव्यहरू पालना गर्नुका साथै सम्बन्धित कमिटीले तोकेका अन्य कार्यहरू गर्नेछन् ।

## १३. विभागको अधिकार र कर्तव्य तथा सदस्यहरूको मर्यादा

क) विभागहरूले सम्बन्धित कमिटीको अङ्गका रूपमा रही नीति एवम् योजना निर्माण र कार्यान्वयनमा सहयोग गर्नेछन् । उनीहरू सम्बन्धित पार्टी कमिटीप्रति उत्तरदायी हुनेछन् र आफ्नो कामका योजना र प्रतिवेदन आफूसँग सम्बन्धित कमिटीमा पेश गर्नेछन् ।

ख) केन्द्रीय विभागका सदस्यको मर्यादा प्रदेश कमिटीका सदस्यसरह, प्रदेश विभागका सदस्यको मर्यादा जिल्ला कमिटीका सदस्यसरह र जिल्ला विभागका सचिव र सदस्यको मर्यादा प्रतिनिधिसभा निर्वाचन क्षेत्र समन्वय कमिटीका सदस्यसरह हुनेछ ।

ग) विभागका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन्ः

१. **अर्थ तथा योजना विभाग**

क) देशको आर्थिक अवस्थाको यथार्थपरक समीक्षा तथा अन्तर्राष्ट्रिय आर्थिक प्रवृत्ति एवम् तिनको प्रभावको अध्ययन गर्ने,

ख) पार्टीले आर्थिक विकासका क्षेत्रमा समष्टिगत तथा क्षेत्रगतरूपमा अवलम्बन गर्नुपर्ने नीति र कार्यक्रमहरूबारे अध्ययन तथा विश्लेषण गरी सुझाव प्रस्तुत गर्ने,

ग) आर्थिक विकास र समृद्धिका स्रोतहरूको पहिचान गरी सुझाव प्रस्तुत गर्ने ।

घ) पार्टी सरकारमा रहेको वा नरहेको अवस्थामा सरकारको नीति तथा कार्यक्रम, बजेट एवम् प्रतिबद्धता र तिनको कार्यान्वयनका सम्बन्धमा समिक्षा गरी सुझाव दिने ।

ङ) सार्वजनिक संस्थानहरूका सम्बन्धमा नीति प्रस्ताव तयार गरी पार्टीमा प्रस्तुत गर्ने ।

च) सञ्चालनमा रहेका सामाजिक सुरक्षाका कार्यक्रमको मूल्याङ्कन गर्ने र यससम्बन्धमा अवलम्बन गर्नुपर्ने नीति प्रस्ताव तयार गरी पार्टीसमक्ष प्रस्तुत गर्ने ।

छ) नेपालले लिइरहेको वैदेशिक सहायताको प्रभाव मूल्याङ्कन गर्ने र सुझाव प्रस्तुत गर्ने ।

ज) अर्थ र योजनासँग सम्बन्धित क्षेत्रका विशेषज्ञ, विज्ञ तथा योजनाविद्को अभिलेख राख्ने, उनीहरुसँग छलफल गर्ने र आर्थिक विकासका लागि उनीहरूको सहयोग प्राप्त गर्ने ।

झ) नेपालले अवलम्बन गरिरहेको मौद्रिक, बैङ्किङ तथा वित्तीय नीति एवम् पुँजी बजारको प्रभावकारिताको मूल्याङ्कन गरी जनताको पहुँच बढाउन चाल्नुपर्ने कदमबारे प्रस्ताव प्रस्तुत गर्ने ।

ञ) सरकारका अर्थ तथा योजनासँग सम्बन्धित निर्णयका सम्बन्धमा अध्ययन गर्ने, तथ्य सङ्कलन गर्ने र त्यस सम्बन्धमा पार्टी दृष्टिकोण तय गर्न सुझाव दिने ।

ट) मुलुकले निर्माण गर्ने बृहत् परियोजनाहरू र आयोजना विकास सम्झौताहरूका बारेमा लिनुपर्ने नीतिबारे सुझाव प्रस्तुत गर्ने ।

२. **उद्योग तथा वाणिज्य विभाग**

क) मुलुकको औद्योगिक अवस्था तथा वाणिज्य क्षेत्रको अध्ययन गरी प्रतिवेदन पेश गर्ने ।

ख) उद्योग-व्यवसाय तथा वाणिज्यका क्षेत्रमा रहेका समस्या र समाधानका उपाय बारेमा अध्ययन गरी सुझाव पेश गर्ने ।

घ) उद्योगी र व्यवसायीका समस्या र तिनको समाधानमा केन्द्रित भएर गोष्ठी तथा छलफल गर्ने र सुझाव सङ्कलन गर्ने ।

ङ) उद्योग तथा वाणिज्यसँग सम्बन्धित पार्टी नीतिमा समयोचित परिमार्जन गर्न प्रस्ताव पेस गर्ने ।

च) मुलुकको औद्योगीकरणको वर्तमान अवस्थाको अध्ययन गरी तीब्र औद्योगीकरणका लागि आवश्यक पर्ने नीतिबारे सुझाव प्रस्तुत गर्ने ।

छ) उद्योग र वाणिज्यसँग सम्बन्धित क्षेत्रका विशेषज्ञ, विज्ञ तथा योजनाविद्को अभिलेख राख्ने र मुलुकको औद्योगीकरणका लागि उनीहरूको सहयोग तथा सुझाव प्राप्त गर्ने ।

**३. उपभोक्ता हित तथा आपूर्ति विभाग**

क) उपभोक्ता हित संरक्षणका सम्बन्धमा अध्ययन गर्ने र सुझाव प्रस्तुत गर्ने ।

ख) उपभोक्ता हितलाई समयानुकूल विकास गर्न विषय विशेषज्ञहरूसँग छलफल गरी सुझाव लिने ।

ग) उपभोक्ता हित संरक्षण र आपूर्तिका समस्या एवम् चुनौतीहरूको अध्ययन गरी पार्टीले लिनुपर्ने नीतिसम्बन्धी प्रतिवेदन प्रस्तुत गर्ने ।

घ) उपभोक्ता हित संरक्षणका क्षेत्रमा कार्यरत पार्टी कार्यकर्तालाई योग्य र सक्षम बनाउन भेला, गोष्ठी र प्रशिक्षणको योजना निर्माण गरी पेस गर्ने ।

ङ) उपभोक्ताको हित प्रतिकूल हुने गरी भइरहेका वस्तु र सेवाको प्रवाह या उपभोक्ता हितविपरीतका क्रियाकलाप विरुद्ध जनचेतना अभिवृद्धि गर्न पार्टीमा सुझाव प्रस्तुत गर्ने ।

च) उपभोक्ता हित प्रतिकूलका क्रियाकलाप विरुद्ध कानुनी प्रतिवाद र आवश्यकताअनुसार जनदबाब सिर्जना गर्न सम्बन्धित कमिटीसमक्ष सुझाव प्रस्तुत गर्ने ।

छ) उपभोक्ता हित र आपूर्तिसँग सम्बन्धित क्षेत्रका विशेषज्ञ, विज्ञ तथा योजनाविद्को अभिलेख राख्ने र उपभोक्ता हित तथा सुशासनको क्षेत्रमा उनीहरूको सहयोग तथा सुझाव प्राप्त गर्ने ।

**४. कृषि तथा भूमिसुधार विभाग**

क) कृषि क्षेत्रका समस्या तथा समाधानका उपायहरूका सम्बन्धमा अध्ययन गरी पार्टी नीतिमा समयोचित परिमार्जन गर्न प्रस्ताव पेस गर्ने ।

ख) कृषिको व्यावसायीकरण, आधुनिकीकरण एवम् कृषि उत्पादन बृद्धि गर्न र कृषकहरूले भोगिरहेका समस्याहरूको समाधान सम्बन्धमा नीति तथा योजना बनाई प्रस्तुत गर्ने ।

ग) वैज्ञानिक भूमिसुधार, भू-उपयोग, भू-स्वामित्व एवम् भूमि-अधिकारसम्बन्धी नीति तथा भूमिसँग सम्बन्धित समस्याहरूको समाधानका उपायहरूसहितको सुझाव पेस गर्ने ।

घ) कृषिसँग सम्बन्धित विभिन्न सङ्घ-संस्थाहरूका सम्बन्धमा अध्ययन गरी अभिलेख राख्ने र तिनीहरूको सञ्चालनसम्बन्धी नीति प्रस्ताव गर्ने ।

ङ) किसानहरूलाई पार्टी नीतिअनुरूप प्रभावकारी रूपमा परिचालन गर्नका लागि कार्ययोजना पेस गर्ने ।

च) कृषि तथा भूमिसुधारसँग सम्बन्धित विशेषज्ञ, विज्ञ तथा योजनाविद्को अभिलेख राख्ने र कृषि तथा भूमिसुधारका क्षेत्रमा उनीहरूको सहयोग तथा सुझाव प्राप्त गर्ने ।

छ) कृषि तथा भूमिसुधारसँग सम्बन्धित विषयहरूमा गोष्ठी तथा छलफल आयोजना गर्ने ।

५. **कोष तथा आर्थिक व्यवस्थापन विभाग**

क) पार्टीको आर्थिक व्यवस्थापनसम्बन्धी कार्य गर्ने ।

ख) पार्टीको आर्थिक अवस्था सुदृढ गर्न कार्ययोजना तयार गरी केन्द्रीय कमिटी समक्ष प्रस्तुत गर्ने ।

ग) पार्टीको कोषलाई पार्टी नीति अनुरूप मितव्ययी ढङ्गले परिचालन गर्ने ।

घ) पार्टीको हितमा अधिकतम आयस्रोत परिचालन गर्न प्रस्ताव गर्ने ।

ङ) वार्षिक बजेट (आय-व्यय) तयार गरी प्रस्तुत गर्ने ।

च) सम्बन्धित कमिटीको आय-व्यय नियमित रूपमा बैङ्किङ कारोबारमार्फत गर्ने/गर्न लगाउने ।

छ) दोहोरो लेखाप्रणाली अन्तर्गत लेखा राख्ने र आन्तरिक लेखापरीक्षण गर्ने ।

ज) लेखापरीक्षणबाट देखिएका बेरुजुहरू फछ्र्यौट गर्न लगाउने ।

झ) पार्टीको आर्थिक विनियमले तोकेका कामहरू प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने ।

ञ) आर्थिक विनियम संशोधन गर्नुपरेमा केन्द्रीय आर्थिक विभागले आवश्यक प्रस्ताव तयार पारी केन्द्रीय कमिटी समक्ष पेश गर्ने ।

ट) विभाग प्रमुखले दैनिक आर्थिक कार्य सम्पादन गर्ने । उक्त कार्य प्रमुखको अनुपस्थितिमा विभागले तोकेको व्यक्तिले गर्ने ।

**६. खानेपानी तथा सरसफाइ विभाग**

क) खानेपानी तथा सरसफाइको सम्बन्धमा सरकारले लिएका नीति तथा ऐन-कानुनहरूको अध्ययन गरी तिनलाई समयानुकूल परिमार्जन गर्न सुझाव दिने ।

ख) मुलुकको खानेपानी तथा सरसफाइको अवस्था र त्यस क्षेत्रका समस्या एवं समाधानका उपायबारे अध्ययन गरी प्रतिवेदन पेस गर्ने ।

ग) खानेपानी तथा सरसफाइसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ऐन-कानुनहरूको अध्ययन गरी पार्टीले लिनुपर्ने नीतिका बारेमा सुझाव दिने ।

घ) खानेपानी तथा सरसफाइको क्षेत्रका विज्ञहरूको अभिलेख राख्ने तथा त्यस क्षेत्रको विकासका लागि उनीहरूको सहयोग तथा सुझाव प्राप्त गर्ने ।

ङ) खानेपानी तथा सरसफाइको क्षेत्रका समस्याहरूको समाधान गर्न चाल्नुपर्ने कदमबारे अध्ययन गरी राय-सुझाव प्रस्तुत गर्ने ।

**७. जलस्रोत, सिँचाइ तथा ऊर्जा विभाग**

क) जलस्रोत, सिँचाइ र ऊर्जाका सम्बन्धमा सरकारले लिएका नीति तथा ऐन-कानुनहरूको अध्ययन गरी तिनलाई समयानुकूल परिमार्जन गर्न सुझाव दिने ।

ख) मुलुकको जलस्रोत, सिँचाइ र ऊर्जाको अवस्था एवं त्यस क्षेत्रका समस्याको अध्ययन गरी तिनको समाधानका उपायबारे प्रतिवेदन पेस गर्ने ।

ग) जलस्रोत, सिँचाइ र ऊर्जासम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ऐन-कानुनहरूको अध्ययन गरी पार्टीले लिनुपर्ने नीतिका बारेमा सुझाव दिने ।

घ) जलस्रोत, सिँचाइ र ऊर्जा क्षेत्रका विज्ञहरूको अभिलेख राख्ने र त्यस क्षेत्रको विकासका लागि उनीहरूको सहयोग तथा सुझाव प्राप्त गर्ने ।

ङ) ऊर्जा सङ्कट समाधान गर्न चाल्नुपर्ने कदमबारे अध्ययन गरी राय-सुझाव प्रस्तुत गर्ने ।

८. **निर्वाचन विभाग**

क) सङ्घ, प्रदेश र स्थानीय तहको निर्वाचनसँग सम्बन्धित निकायहरूसँग सम्पर्क र समन्वय गर्ने,

ख) निर्वाचन क्षेत्र निर्धारणका बारेमा अध्ययन गरी प्रतिवेदन पेस गर्ने ।

ग) निर्वाचन प्रणालीमा गर्नुपर्ने कानुनी, संरचनात्मक तथा व्यावहारिक सुधारका बारेमा अध्ययन गरी प्रतिवेदन पेस गर्ने ।

घ) निर्वाचनमा पार्टीले उठाउने उम्मेदवारहरूका लागि मापदण्ड तयार गरी सुझाव पेस गर्ने ।

ङ) निर्वाचनमा पार्टीको भूमिकालाई प्रभावकारी बनाउन सुझाव पेस गर्ने ।

छ) निर्वाचनसम्बन्धी विज्ञ-विशेषज्ञहरूको अभिलेख राख्ने । निर्वाचनलाई निष्पक्ष, धाँधलीरहीत र विश्वसनीय बनाउने सम्बन्धमा उनीहरूको सहयोग तथा सुझाव प्राप्त गर्ने ।

९. **न्याय, कानुन तथा मानव अधिकार विभाग**

क) देशको संविधान, ऐन-कानुन र नियमहरूको अध्ययन गरी तिनको कार्यान्वयनको स्थिति तथा सुधार एवम् परिमार्जनका सम्बन्धमा सुझाव दिने ।

ख) सम्बन्धित पार्टी कमिटीलाई आवश्यक कानुनी परामर्श दिने र कानुनसम्बन्धी सामग्रीहरू तयार पार्ने ।

ग) पार्टीसँग सम्बन्धित र पार्टीले तोकेका मुद्दा-मामिलाहरूको सन्दर्भमा आवश्यक सहयोग गर्ने ।

घ) राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्वका कानुनी विषयहरूमा सम्बन्धित क्षेत्रका विज्ञहरूसँग छलफल वा विचार विमर्श गरी प्राप्त निष्कर्षहरू पेस गर्ने ।

ङ) कानुन र न्याय क्षेत्रसँग सम्बन्धित विभिन्न सङ्घ-संस्थाहरूसँग परामर्श गरी आवश्यक सुझाव लिने ।

छ) कानुन र न्याय क्षेत्रसँग सम्बन्धित विशेषज्ञ, विज्ञ तथा योजनाविद्को अभिलेख राख्ने र कानुनी राज्यको विकासका लागि उनीहरूको सहयोग तथा सुझाव प्राप्त गर्ने ।

ज) मानव अधिकारका विश्वव्यापि मान्ताहरू र तिनको कार्यान्वयन सम्बन्धी समस्याको अध्ययन गरी पार्टीलाई सुझाव दिने ।

**१०. पर्यटन प्रबर्द्धन तथा नागरिक उड्डयन विभाग**

क) पर्यटन र नागरिक उड्डयन क्षेत्रको समग्र अवस्थाको अभिलेख राख्ने ।

ख) पर्यटन र नागरिक उड्डयन क्षेत्रसँग सम्बधित मौजुदा ऐन, कानुन र संरचनाहरूलाई समयानुकूल अद्यावधिक गर्ने सम्बन्धमा विषय विशेषज्ञहरूसँग छलफल गरी सुझाव दिने ।

ग) पर्यटन र नागरिक उड्डयनको क्षेत्रका समस्या र चुनौतीहरूको अध्ययन गरी पार्टीले लिनुपर्ने नीतिसम्बन्धी प्रतिवेदन प्रस्तुत गर्ने ।

घ) पर्यटन र नागरिक उड्डयन क्षेत्रमा कार्यरत पार्टी कार्यकर्तालाई योग्य र सक्षम बनाउन भेला, गोष्ठी र प्रशिक्षणको योजना निर्माण गरी पेस गर्ने ।

ङ) पर्यटन र नागरिक उड्डयन क्षेत्रको विकासका लागि स्थानीय साधन-स्रोत परिचालनका उपायहरूबारे विशेषज्ञहरूसँग छलफल गरी सुझाव दिने ।

च) पर्यटन क्षेत्रलाई राष्ट्रिय विकासको मार्गमा समाहित गर्न, जनसहभागिता जुटाउन, पार्टी पङ्क्तिलाई परिचालित गर्न एवम् पर्यटन क्षेत्रमा पार्टीलाई स्थापित गराउन आवश्यक योजना पेस गर्ने ।

छ) पर्यटन र नागरिक उड्डयनको क्षेत्रसँग सम्बन्धित विशेषज्ञहरूको अभिलेख तयार पारी यस क्षेत्रको विकासका लागि उनीहरूको सहयोग तथा सुझाव प्राप्त गर्ने ।

ज) पर्यटन र नागरिक उड्डयन क्षेत्रसम्बन्धी पार्टी नीति र योजनालाई जनसमक्ष पुऱ्याउन आवश्यक सामाग्री तयार गर्ने ।

११ **प्रचार तथा प्रकाशन विभाग**

क) पार्टीका सिद्धान्त, नीति, कार्यक्रम र निर्णयहरू जनतामा स्थापित गर्न व्यापक प्रचार-प्रसार गर्ने र पार्टीका पक्षमा जनमत सिर्जना गर्ने ।

ख) पार्टीको मुखपत्र, राजनीतिक पत्रिका, वेभसाइटलगायत विद्युतीय सञ्चारमाध्यम सञ्चालन गर्ने ।

ग) पार्टीको आवश्यकतानुसार अन्य प्रचार सामग्रीहरू तयार गर्ने ।

घ) पार्टीको सञ्चारसम्बन्धी नीति तयार गरी राज्यसम्बद्ध निकायहरूसँग समन्वय गरी कार्यान्वयन गर्न पार्टीसमक्ष प्रस्ताव गर्ने ।

ङ) सञ्चारमाध्यम तथा सञ्चारकर्मीहरूसँग पार्टीको सम्बन्धलाई सुमधुर बनाउन योजना बनाई पेस गर्ने ।

च) आवश्यकता अनुसार पत्रकार सम्मेलन, भेटघाट र अन्तरक्रिया गर्ने ।

छ) पार्टी पक्षधर, योग्य र सक्षम सञ्चारकर्मी तयार गर्ने ।

ज) स्वदेशी तथा विदेशी सञ्चारमाध्यम र संस्थाहरूसँग नियमित सम्बन्ध-सम्पर्क कायम गर्ने ।

झ) सम्बन्धित विषयमा गोष्ठी, छलफल र अन्तरक्रियाहरू आयोजना गर्ने ।

१२. **प्रादेशिक मामला विभाग**

क) प्रदेशका समस्याहरूको अध्ययन गरी तिनको समाधानमा पार्टीले लिनुपर्ने नीतिवारे सुझाव पेस गर्ने ।

ख) प्रदेश र केन्द्र तथा प्रदेश र स्थानीय तहबीचका सम्बन्धको अध्ययन गरी पार्टीले लिनुपर्ने नीतिबारे सुझाव पेस गर्ने ।

ग) केन्द्र, प्रदेश र स्थानीय तहका अधिकारको सूची अध्ययन गरी त्यससम्बन्धी पार्टी नीति तय गर्न सहयोग तथा सुझाव गर्ने ।

घ) प्रत्येक प्रदेशको विकासका लागि पार्टीले लिनुपर्ने नीतिका सम्बन्धमा सुझाव पेस गर्ने ।

ङ) सम्बन्धित विषयमा गोष्ठी, छलफल र अन्तरक्रियाहरू आयोजना गर्ने र सुझाव सङ्कलन गर्ने ।

## १३. पार्टी स्कुल विभाग

क) पार्टीका सिद्धान्त, कार्यक्रम र नीति अनुरूप नियमित वा आवधिक पार्टी स्कुल सञ्चालन गर्ने र त्यसका निम्ति कार्ययोजना तयार गरी कमिटी समक्ष प्रस्तुत गर्ने ।

ख) पार्टी सदस्यहरूको सैद्धान्तिक-वैचारिक स्तर उठाउन आवश्यक योजना निर्माण र कार्यान्वयन गर्ने ।

ग) पार्टी स्कुलका निम्ति आवश्यक प्रशिक्षक तथा विशेषज्ञहरू तयार गर्ने ।

घ) पार्टी स्कुलका पाठ्यक्रम तयार गर्ने, तदनुसार पाठ्यसामग्री तयार गर्ने र सम्बन्धित पार्टी कमिटीको स्वीकृतिमा प्रकाशन गर्ने ।

ङ) प्रशिक्षण कार्यक्रमको मूल्याङ्कन गर्ने, प्रशिक्षार्थीहरूको परीक्षा लिने तथा प्रमाणपत्र दिने र सोको अभिलेख राख्ने ।

च) स्वदेश तथा विदेशका पार्टी स्कुलहरूसँग अनुभव आदान-प्रदान गर्ने ।

छ) पार्टीमा एकीकृत भएका वा नयाँ प्रवेश गरेका सदस्यहरूलाई विशेष प्रशिक्षणको व्यवस्था गर्ने ।

## १४. पुस्तकालय तथा अभिलेख विभाग

क) पार्टीको केन्द्रीय पुस्तकालयलाई आधुनिक तथा वैज्ञानिक ढङ्गले व्यवस्थापन गर्ने । पुस्तकालयलाई ई-पुस्तकालयको स्तरमा विकास गर्ने ।

ख) उपलब्ध पुस्तक, बुलेटिन तथा पत्रपत्रिकालाई स्तर अनुरूप वर्गीकरण गरी सूचीकृत गर्ने ।

ग) राजनीति, इतिहास, विज्ञान तथा प्रविधिसँग सम्बन्धित सामाग्रीहरू सङ्कलन गर्ने ।

घ) कम्युनिस्ट आन्दोलनसँग सम्बन्धित दस्तावेज, पुस्तक तथा अभिलेखहरू सङ्ग्रह गर्ने ।

ङ) पार्टीका सङ्गठनात्मक अभिलेख सङ्कलन तथा व्यवस्थापन गर्ने ।

छ) सार्वजनिक गर्न योग्य पार्टीका सङ्गठनात्मक अभिलेख सार्वजनिक गर्ने ।

ज) पार्टी स्कुल विभागले निर्धारण गरेका पाठ्यक्रम तथा पाठ्यपुस्तकहरूको सङ्ग्रह गर्ने ।

झ) अन्तर्वार्ता, संवाद र कुराकानीका माध्यमबाट कम्युनिस्ट तथा लोकतान्त्रिक आन्दोलनका अग्रज व्यक्तित्वहरूसँगको अनुभव तथा आन्दोलनको इतिहासको श्रव्य-दृष्य अभिलेख राख्ने ।

१५. **भौतिक पूर्वाधार तथा यातायात व्यवस्था विभाग**

क) भौतिक पूर्वाधार तथा यातायातको विकासका लागि मौजूदा ऐन, कानुन र संरचनाहरूको अध्ययन गर्ने र तिनलाई अद्यावधिक गर्न सुझाव दिने ।

ख) भौतिक पूर्वाधार तथा यातायात क्षेत्रका समस्या र चुनौतीहरूको अध्ययन गरी पार्टीले लिनुपर्ने नीतिसम्बन्धी प्रतिवेदन प्रस्तुत गर्ने ।

ग) पूर्वाधार विकासका निम्ति क्षेत्रगत एवं विषयगत नीतिहरू तयार पार्न पार्टीमा सुझाव प्रस्तुत गर्ने ।

घ) भौतिक पूर्वाधार तथा यातायातसँग सम्बन्धित विशेषज्ञहरूको अभिलेख तयार पारी भौतिक पूर्वाधार र यातायात विकासका लागि उनीहरूको सहयोग तथा सुझाव प्राप्त गर्ने ।

ङ) पूर्वाधारको विकास र यातायातसँग सम्बन्धित नवीन प्रविधि र प्रयोगको अध्ययन गरी मुलुक सुहाउँदो प्रविधि प्रवर्द्धन गर्न सुझाव प्रस्तुत गर्ने ।

१६. **युवा तथा खेलकुद विभाग**

क) युवा शक्तिको समग्र अवस्थाको अभिलेख तयार गर्ने ।

ख) युवाहरूका बारेमा मौजुदा ऐन, कानुन र संरचनाहरूलाई समयानुकूल अद्यावधिक गर्न सुझाव तयार गर्ने ।

ग) युवाहरूका समस्या र सरोकारहरूको अध्ययन गरी पार्टीले लिनुपर्ने नीतिसम्बन्धी प्रतिवेदन प्रस्तुत गर्ने ।

घ) युवा शक्तिलाई योग्य र सक्षम बनाउन योजना निर्माण गरी सुझाव पेस गर्ने ।

ङ) मुलुकमा सञ्चालित खेलकुद विकासको सम्भाव्यताबारे प्रतिवेदन तयार गर्ने ।

च) खेलकुदको विकासका निम्ति विशेषज्ञहरूसँग छलफल गरी सुझाव दिने ।

छ) खेलकुदलाई अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धी बनाउन योजना बनाई पेस गर्ने ।

ज) बेरोजगार युवाहरूलाई उत्पादन कार्यमा सहभागी गराउन कार्ययोजना बनाई पार्टीमा पेस गर्ने ।

झ) युवाहरूका बीचमा पार्टीलाई स्थापित गराउने योजना पेस गर्ने ।

ञ) युवा र खेलकुद क्षेत्रसँग सम्बन्धित विशेषज्ञहरूको अभिलेख तयार पारी युवा र खेलकुद क्षेत्रको विकासका लागि सहयोग तथा सुझाव प्राप्त गर्ने ।

१७. **राजकीय मामला तथा सुशासन विभाग**

क) सरकारका विभिन्न निकायहरूबाट भएका कामकार्वाहीहरूका सम्बन्धमा अध्ययन गर्ने र सुझाव प्रस्तुत गर्ने ।

ख) राजनीतिक नियुक्तिका सम्बन्धमा पार्टीलाई नीतिगत सुझाव दिने ।

ग) राजनीतिक एवम् प्रशासनिक क्षेत्रका योग्य व्यक्तिहरूको विवरण तयार गर्ने र प्रस्तुत गर्ने ।

घ) राजनीतिक नियुक्ति गरिएका व्यक्तिहरूको विवरण सङ्कलन र अद्यावधिक गर्ने ।

ङ) भ्रष्टाचार नियन्त्रण र सुशासनको पक्षमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभवहरूको अध्ययन गर्ने र पार्टीलाई सुझाव दिने ।

च) राजकीय मामलासँग सम्बन्धित पदाधिकारीहरू तथा विज्ञहरूको अभिलेख राखी उनीहरूको सहयोग तथा सुझाव प्राप्त गर्ने ।

छ) राजकीय मामला तथा सुशासनसँग सम्बन्धित समस्या र समाधानका उपायहरूको बारेमा गोष्ठी तथा छलफल आयोजना गर्ने ।

ज) राजकीय मामला तथा सुशासनसँग सम्बन्धित काममा अन्य विभागहरूसँग समन्वय गर्ने ।

१८. **राष्ट्रिय सुरक्षा प्रवर्द्धन विभाग**

क) पार्टीले लिनुपर्ने राष्ट्रिय सुरक्षा नीति सम्बन्धमा अध्ययन गरी सुझाव प्रस्तुत गर्ने ।

ख) राष्ट्रिय सुरक्षालाई समयानुकूल विकास गर्न विज्ञहरूसँग छलफल गरी सुझाव दिने ।

ग) राष्ट्रिय सुरक्षाका समस्या र चुनौतीहरूको अध्ययन गरी पार्टीमा सुझाव दिने ।

घ) राष्ट्रिय सुरक्षामा प्रतिकूल प्रभाव पार्न सक्ने विषयका बारेमा अध्ययन गरी पार्टीलाई सुझाव दिने ।

ङ) राष्ट्रिय सुरक्षा विज्ञहरूको सूची तयार गरी उनीहरूको सहयोग तथा सुझाव प्राप्त गर्ने ।

१९. **वन तथा वातावरण विभाग**

क) मुलुकको वनजङ्गल, जैविक विविधता तथा खनिज पदार्थको अवस्था र त्यस क्षेत्रका समस्या एवं समाधानका उपायबारे अध्ययन गरी प्रतिवेदन पेस गर्ने ।

ख) वनजङ्गल, जैविक विविधता तथा खनिज पदार्थका सम्बन्धमा सरकारले लिएका नीति तथा ऐन-कानुनहरूको अध्ययन गरी तिनलाई समयानुकूल परिमार्जन गर्न सुझाव दिने ।

ग) वनजङ्गल, जैविक विविधता तथा खनिज पदार्थका क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय सङ्घ-संस्थाहरूसँग सम्पर्क र समन्वय गर्ने ।

घ) वन तथा वातावरणसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ऐन-कानुनहरूको अध्ययन गरी पार्टीले लिनुपर्ने नीतिका बारेमा सुझाव दिने ।

ङ) वनजङ्गल, जैविक विविधता तथा खनिज पदार्थको क्षेत्रमा कार्यरत व्यक्ति, संस्था र विज्ञहरूसँग सम्पर्क राखी अन्तर्क्रिया, गोष्ठी, छलफल गर्ने र उनीहरूबाट सुझाव सल्लाह लिने ।

च) औद्योगिकीकरण एवम् ठूला आयोजना निर्माण र वातावरण संरक्षणका बीचमा सन्तुलन कायम राख्न पार्टीले लिनुपर्ने नीतिहरूका सम्बन्धमा सुझाव दिने ।

छ) वातावरण संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि-सम्झौताको अध्ययन गरी सुझाव दिने ।

ज) वातावरणलाई प्रतिकूल असर पार्ने वस्तुहरूको उत्पादन तथा उपभोग, औद्योगिक प्रदूषण र हानिकारक रासायनिक फोहोरको व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा आवश्यक नीति तयार गरी कार्यान्वयन गर्न पार्टीमा प्रस्ताव गर्ने ।

२०. **विज्ञान तथा प्रविधि विभाग**

क) विज्ञान तथा प्रविधिको विकासका लागि पार्टीले लिनुपर्ने नीतिसम्बन्धी प्रस्ताव प्रस्तुत गर्ने ।

ख) विज्ञान र प्रविधि क्षेत्रका समस्या र चुनौतीहरूको अध्ययन गरी पार्टीलाई सुझाव दिने ।

ग) विज्ञान र प्रविधिको विकासका माध्यमबाट उत्पादकत्व बृद्धि, श्रमको सरलीकरण तथा परम्परागत प्रविधि तथा सीपहरूको आधुनिकीकरणका लागि अध्ययन गरी प्रतिवेदन प्रस्तुत गर्ने ।

घ) विज्ञान तथा प्रविधिसम्बन्धी विषय विज्ञहरूको अभिलेख तयार गर्दै यस क्षेत्रको विकासमा सहयोग प्राप्त गर्ने ।

ङ) विज्ञान तथा प्रविधिसम्बन्धी मौजुदा ऐन, कानुन र संरचनाहरूलाई समयानुकूल अद्यावधिक गर्ने सम्बन्धमा विशेषज्ञहरूसँग छलफल गरी सुझाव दिने ।

च) विज्ञान तथा प्रविधिसम्बन्धी भेला, गोष्ठी र प्रशिक्षणको योजना निर्माण गरी पेस गर्ने ।

छ) वैज्ञानिक अध्ययन, अन्वेषण र अनुसन्धानका क्षेत्रका प्रतिभाहरूलाई राज्य र पार्टीका तर्फबाट प्रोत्साहित गर्न सुझाव दिने ।

२१. **विदेश मामला विभाग**

क) पार्टीको विदेश नीतिका सम्बन्धमा केन्द्रीय कमिटीमा सुझाव प्रस्तुत गर्ने ।

ख) विभिन्न मुलुकका कम्युनिस्ट, समाजवादी, वामपन्थी, श्रमिक तथा अन्य पार्टीका बारेमा जानकारी लिने, अभिलेख राख्ने र तिनीहरूसँग सम्बन्ध विकास गर्न पहल गर्ने । तिनीहरूसँग प्रकाशन, अनुभव र विचारको आदान-प्रदान गर्ने ।

ग) विश्वमा भएका महत्वपूर्ण राजनीतिक घटनाहरूका बारेमा अध्ययन गरी सुझाव पेस गर्ने ।

घ) विभिन्न अन्तर्राष्ट्रिय कार्यक्रमहरूमा पार्टीको सहभागिताका लागि नाम सिफारिस गर्ने र त्यस्तो भ्रमणलाई पार्टीको हितमा अधिकतम उपयोगी बनाउन प्रयत्न गर्ने । विदेश भ्रमणमा जानेहरूबाट लिखित प्रतिवेदन प्राप्त गर्ने र निजहरूको अभिलेख राख्ने ।

ङ) सरकारको विदेश नीतिको बारेमा अध्ययन गरी प्रतिवेदन पेस गर्ने ।

च) पार्टीको अङ्ग्रेजी मुखपत्रको सम्पादन तथा प्रकाशन गर्ने ।

छ) पार्टीका दस्तावेज तथा प्रकाशनहरू र हाम्रो देश तथा पार्टीका बारेमा जानकारी गराउने सामाग्रीहरू आवश्यकता अनुसार विदेशी भाषामा अनुवाद गरेर वा लेखेर प्रकाशित गर्ने ।

**२२. शिक्षा तथा मानवस्रोत विभाग**

क) वैज्ञानिक तथा जीवनोपयोगी शिक्षा नीतिको विकासका निम्ति वर्तमान शैक्षिक स्थिति र शिक्षा नीतिको समग्र अध्ययन गरी प्रतिवेदन पेस गर्ने ।

ख) शैक्षिक प्रतिष्ठानहरूको अभिलेख राखी सम्बन्धित क्षेत्रका समस्याहरूको अध्ययन प्रतिवेदन पेस गर्ने ।

ग) वर्तमान शिक्षा प्रणालीको विस्तृत अध्ययन गरी सुझाव पेस गर्ने ।

घ) शैक्षिक क्षेत्रसँग सम्बन्धित विषयमा आवश्यकतानुसार गोष्ठी र छलफल कार्यक्रमहरू आयोजना गर्ने ।

ङ) मुलुकलाई आवश्यक शैक्षिक जनशक्ति निर्माण गर्न नीति तथा योजना बनाई पेस गर्ने ।

च) शिक्षामा निजी क्षेत्रको लगानीको प्रभाव र सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न अपनाउनुपर्ने नीतिका सम्बन्धमा अध्ययन गरी सुझाव दिने ।

छ) मुलुकमा सञ्चालित विश्वविद्यालयहरू र नयाँ खोलिने विश्वविद्यालयहरूसम्बन्धी लिनुपर्ने नीतिका बारेमा आवश्यक अध्ययन गरी राय-सुझाव पेस गर्ने ।

ज) मुलुकलाई आवश्यक प्राविधिक जनशक्ति उत्पादनका निम्ति लिनुपर्ने प्राविधिक शिक्षासम्बन्धी नीति निर्माणमा सुझाव दिने ।

**२३. श्रम तथा रोजगार विभाग**

क) मुलुकको वर्तमान श्रम स्थिति, श्रम सम्बन्ध र रोजगारीको समग्र अवस्थाको प्रतिवेदन तयार गर्ने ।

ख) श्रम सम्बन्धसँग सम्बन्धित विद्यमान नियम, कानुन र संरचनाहरूका सम्बन्धमा अध्ययन गरी समयानुकूल परिमार्जन गर्नुपर्ने विषयमा सुझाव दिने ।

ग) श्रम र रोजगारसम्बन्धी पार्टी नीतिमा समयोचित परिमार्जन गर्न प्रस्ताव पेश गर्ने ।

घ) श्रम क्षेत्रका समस्या तथा समाधानका उपायहरूका सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेस गर्ने ।

ङ) श्रम सम्बन्धसँग सम्बन्धित विषयहरूमा गोष्ठी आयोजना गर्ने ।

च) रोजगारीका क्षेत्रहरूको पहिचान गर्दै रोजगारी वृद्धिका उपायहरूबारे सुझाव प्रस्तुत गर्ने ।

छ) वैदेशिक रोजगारीलाई व्यवस्थित, मर्यादित, सुरीक्षत र परिणाममुखी बनाउन गर्नुपर्ने कामबारे अध्ययन गरी प्रतिवेदन दिने ।

ज) परिवर्तित अवस्थामा ट्रेड युनियन आन्दोलनका अभिभारा र समस्याहरूका बारेमा सुझाव दिने ।

२४. **सङ्गठन विभाग**

क) पार्टी सदस्य, सङ्गठित सदस्य र मानार्थ सदस्यहरूको अभिलेख राख्ने र प्रमाणित गर्ने ।

ख) आवश्यकताअनुसार सदस्य तथा सङ्गठित सदस्यहरूको स्थानान्तरण गर्ने ।

ग) पार्टीका सङ्गठित सददस्यहरू र विभिन्न तहका कमिटी, आयोग, निकाय, विभागका पदाधिकारी तथा सदस्यहरूको वर्गीय, जातीय, भाषिक, लैङ्गिक तथा प्रादेशिक प्रतिनिधित्वको तुलनात्मक अभिलेख तयार गर्ने र नियमित रूपमा अद्यावधिक गर्ने ।

घ) पार्टीको समग्र सङ्गठनात्मक अभिलेख अद्यावधिक गर्दै सङ्गठनात्मक कामको अनुगमन गर्ने ।

ङ) पार्टीको सङ्गठनात्मक जीवनसँग सम्बन्धित अनुभव, समस्या तथा सम्भावनाहरूको सम्बन्धमा अध्ययन र छलफल गरी त्यसबाट प्राप्त निष्कर्षहरू एवं पार्टीले लिनुपर्ने सङ्गठनात्मक नीतिका सम्बन्धमा प्रस्ताव प्रस्तुत गर्ने ।

च) पार्टीको विधान तथा नियमावलीमा संशोधन वा व्याख्या गर्नुपरेमा वा त्यसको प्रयोगका क्रममा बाधा अड्काउ फुकाउनपरेमा केन्द्रीय कमिटीसमक्ष प्रस्ताव प्रस्तुत गर्ने ।

छ) एकताको राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गरिने मस्यौदा विधानका सम्बन्धमा केन्द्रीय कमिटीसमक्ष सुझाव प्रस्तुत गर्ने ।

ज) पार्टीको नियमावली, निर्देशिका, विनियम र आचारसंहिता निर्माण वा संशोधन सम्बन्धमा प्रस्ताव तयार गर्ने र केन्द्रीय कमिटीसमक्ष प्रस्तुत गर्ने ।

झ) पार्टीको सङ्गठनसम्बन्धी नीति कार्यान्वयन गर्न केन्द्रीय कमिटीसमक्ष सुझाव प्रस्तुत गर्ने ।

ञ) स्थानीय कमिटी र विभागहरूमा निर्वाचित वा मनोनीत पदाधिकारी र सदस्यहरूको योग्यता र मापदण्ड विधान र नियमावलीअनुसार भए-नभएको छानबिन गरी केन्द्रीय कमिटीसमक्ष प्रतिवेदन प्रस्तुत गर्ने ।

ट) राजनीतिक प्रतिवेदन, विधान नियमावलीअनुसार पार्टी निर्माण र परिचालनसम्बन्धी गोष्ठी, तालिम र प्रशिक्षणको व्यवस्था गर्ने ।

ठ) विधिसम्मत ढङ्गले पार्टी सञ्चालन गर्न आवश्यक सुझावहरू प्रस्तुत गर्ने ।

## २५. सङ्घीय संसदीय विभाग

क) सङ्घीयताको सिद्धान्त र यसको व्याहारिक प्रयोगका सम्बन्धमा पार्टी दृष्टिकोणलाई समृद्ध तुल्याउन प्रस्ताव तगार गर्ने ।

ख) सङ्घ, प्रदेश र स्थानीय सरकारहरूबीचको आपसी सम्बन्ध सुमधुर र जनमैत्री बनाउन लिनुपर्ने नीति र चाल्नुपर्ने कदमहरूबारे पार्टीलाई सुझाव दिने ।

ग) जनप्रतिनिधि संस्था, राज्यका विभिन्न निकाय तथा राजनीतिक दलहरूमा महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, लोपोन्मुख एवं अल्पसङ्ख्यक जाति एवम् समुदाय र दुर्गम एवम् पिछडिएको क्षेत्रको प्रतिनिधित्व सुनिश्चित गर्ने र नेतृत्व विकास गर्ने सम्बन्धमा उपयुक्त नीति निर्माण गर्न सुझाव प्रस्तुत गर्ने ।

घ) समावेशीकरणसम्बन्धी राज्यका संविधान, ऐन कानुन र तिनको कार्यान्वयनको अवस्थासम्बन्धी अध्ययन गरी सुझाव दिने ।

ङ) सङ्घीय संसदीय दललाई पार्टीको सिद्धान्त, कार्यक्रम र नीतिअनुरूप सञ्चालन गर्न सहयोग पुऱ्याउने ।

च) दलका नेताको परामर्शमा दलका सदस्यहरूलाई संसद्का समिति तथा कार्यदलहरूमा मनोनयनका लागि सिफारिस गर्ने ।

छ) दलको नेताको परामर्शमा दलका सदस्यहरूलाई विभिन्न विदेशी प्रतिनिधिमण्डल तथा कार्यक्रमहरूमा सहभागी गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने ।

ज) दल, बोर्ड र समूहका सदस्यहरूलाई पार्टीको नीति, योजना र उद्देश्यअनुरूप परिचालन गर्न प्रस्ताव प्रस्तुत गर्ने, यसको नियमित अनुगमन गर्ने ।

झ) दलको भूमिकालाई प्रभावकारी बनाउन आवश्यक योजना निर्माण गर्ने, आवश्यकता अनुसार विशेषज्ञहरूको सहयोग लिने र दलका सदस्यहरूको क्षमता अभिवृद्धि गर्न प्रशिक्षणको व्यवस्था गर्ने ।

ञ) दलका सांसदहरूको अभिलेख राख्ने । दलको कुनै सदस्यलाई अनुशासनात्मक कारबाही गर्नुपरेमा केन्द्रीय कमिटीसमक्ष सिफारिस गर्ने ।

ट) दलको विधान संशोधनका लागि लिखित प्रस्ताव तयार गर्ने र दलद्वारा पारित विधान अनुमोदनका लागि केन्द्रीय कमिटीसमक्ष प्रस्तुत गर्ने । दलको विधानको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउन केन्द्रीय कमिटीमा सुझाव प्रस्तुत गर्ने ।

ठ) दलको काम र भूमिकाको सम्बन्धमा आवधिक रूपमा समीक्षा प्रतिवेदन तयार गरी केन्द्रीय कमिटीसमक्ष प्रस्तुत गर्ने । सङ्घीय संसद्मा दलले निर्वाह गरेको भूमिकाको प्रचार-प्रसार गर्ने ।

ड) सङ्घीय संसदीय दल र संसद् तथा सरकारबीच सम्पर्क तथा समन्वय कायम गर्ने ।

## २६. समाज कल्याण विभाग

क) गैरसरकारी संस्था र सामाजिक क्षेत्रसँग सम्बन्धित विषयमा नीति निर्माण गर्न सुझाव पेस गर्ने ।

ख) सामाजिक क्षेत्रको कामसँग सम्बन्धित विषयमा गोष्ठी-सेमिनार आदिको आयोजना गर्ने ।

ग) गैरसरकारी संस्थासम्बन्धी नीति तथा कानुनी व्यवस्थालाई राष्ट्रहित र जनहित अनुकूल बनाउन सुझाव प्रस्तुत गर्ने ।

घ) नेपालमा गैरसरकारी संस्थाहरूको उपस्थिति, भूमिका र सम्भाव्यताबारे अध्ययन गर्ने र प्रतिवेदन तयार गर्ने । त्यस्ता संस्थाहरूमा पार्टीका नेता, कार्यकर्ता तथा सदस्यहरूको भूमिकासम्बन्धी नीति प्रस्ताव गर्ने ।

ङ) सामाजिक सुरक्षासम्बन्धी राज्यका नीतिमा समयानुकूल सुधारका लागि सुझाव दिने ।

च) ज्येष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्ति, एकल महिला, दलित, लोपोन्मुख समुदाय एवम् असहायहरूको सामाजिक सुरक्षाका सम्बन्धमा आवश्यक नीति निर्माण गर्न सुझाव दिने ।

छ) महिला हिंसा, बालश्रम, जीउ मास्ने-बेच्ने आदि अपराध रोक्न र त्यससम्बन्धी प्रभावकारी नीति, ऐन र कानुन निर्माणका लागि सुझाव दिने ।

ज) सामाजिक सुरक्षासम्बन्धी अन्तर्राष्ट्रिय कानुन एवं सन्धि-सम्झौताहरूको अध्ययन गरी राष्ट्रिय सन्दर्भमा तिनको औचित्य र उपयोगिताबारे सुझाव दिने ।

झ) महिला, दलित, आदिवासी जनजाति, मधेसी, लोपोन्मुख एवं अल्पसङ्ख्यक समुदाय र पिछडिएको क्षेत्रसँग सम्बन्धित विषयमा गोष्ठी तथा छलफल कार्यक्रम आयोजना गर्ने र यस सम्बन्धमा पार्टीले लिनुपर्ने नीति प्रस्ताव गर्ने ।

## २७. सहकारी तथा गरिबी निवारण विभाग

क) पार्टीको सहकारी तथा गरिबी निवारणसम्बन्धी नीति, प्रस्ताव तथा योजनाहरू तयार गरी पेस गर्ने ।

ख) सहकारी संस्था र तिनका गतिविधि अद्यावधि गर्दै तिनीहरूको जनमुखी एवं प्रभावकारी सञ्चालनसम्बन्धी योजना तयार गरी पेस गर्ने ।

ग) सरकारको सहकारी नीति तथा गरिबी निवारण कार्यक्रमका बारेमा अध्ययन गरी सुझाव दिने ।

घ) सहकारी तथा गरिबी निवारणसम्बन्धी गोष्ठी र छलफल कार्यक्रमको आयोजना गर्ने ।

ङ) सहकारीको विकास र प्रबर्द्धन गरी सामाजिक परिवर्तनको अभियानलाई ठोस सहयोग पुऱ्याउन सुझाव दिने ।

च) पार्टी पङ्क्तिलाई सहकारी अभियानमा संलग्न एवं सक्रिय बनाउन तालिम तथा प्रशिक्षणको आयोजना गर्ने र सहकारीसम्बन्धी प्रकाशन तथा प्रचार गर्ने ।

छ) सहकारी तथा गरिबी निवारण क्षेत्रसँग सम्बन्धित विशेषज्ञहरूको अभिलेख तयार गर्ने । सहकारी आन्दोलन र गरिबी निवारण अभियानमा उनीहरूको सहयोग तथा सुझाव प्राप्त गर्ने ।

२८. **सहरी विकास विभाग**

क) सहरी विकासको अवधारणा, उद्देश्य र लक्ष्य प्रस्ट पार्ने ।

ख) अव्यवस्थित सहरलाई समयानुकूल विकास गर्न विषय विशेषज्ञहरूसँग छलफल गरी सुझाव दिने ।

ग) सहरी विकासका समस्या र चुनौतीहरूको अध्ययन गरी पार्टीले लिनुपर्ने नीतिसम्बन्धी प्रतिवेदन प्रस्तुत गर्ने ।

घ) सहरी विकासका क्षेत्रमा कार्यरत पार्टी कार्यकर्तालाई योग्य र सक्षम बनाउन भेला, गोष्ठी र प्रशिक्षणको योजना निर्माण गरी पेस गर्ने ।

ङ) सहरी विकासका लागि स्थानीय साधन-स्रोत परिचालनका उपयायहरूबारे विशेषज्ञहरूसँग छलफल गरी सुझाव दिने ।

च) सडक, विद्युत्, दूरसञ्चार, पर्यटन, खानेपानी र सहरी विकासजस्ता पूर्वाधार विकासका निम्ति क्षेत्रगत एवम् विषयगत नीतिका सम्बन्धमा पार्टीमा सुझाव पेस गर्ने ।

छ) सहरी विकाससँग सम्बन्धित विशेषज्ञहरूको अभिलेख तयार पार्ने र उनीरूबाट सहयोग तथा सुझाव प्राप्त गर्ने ।

**२९. सामान्य प्रशासन विभाग**

क) सामान्य प्रशासनसँग सम्बन्धित विशेषज्ञहरूको अभिलेख तयार गर्ने ।

ख) सामान्य प्रशासनलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्नका निम्ति मौजुदा ऐन, कानुन र संरचनाहरूलाई समयानुकूल अद्यावधिक गर्ने सम्बन्धमा विषय विशेषज्ञहरूसँग छलफल गरी सुझाव दिने ।

ग) यस क्षेत्रको समग्र अध्ययन गरी पार्टीले लिनुपर्ने नीतिसम्बन्धी प्रतिवेदन प्रस्तुत गर्ने ।

घ) यस क्षेत्रमा कार्यरत जनशक्तिलाई योग्य र सक्षम बनाउन योजना निर्माण गरी पेस गर्ने ।

ङ) प्रशासनको प्रभावकारिताका सम्बन्धमा विशेषज्ञहरूसँग छलफल गरी सुझाव सङ्कलन गर्ने ।

च) सेवाग्राहीहरूले सहज ढङ्गले सेवा प्राप्त गर्ने कुराको सुनिश्चित गर्न पार्टीलाई सुझाव दिने ।

**३०. साहित्य, कला तथा संस्कृति विभाग**

क) पार्टीको साहित्य, कला तथा संस्कृतिसम्वन्धी नीतिलाई समृद्ध र प्रभावकारी बनाउन अध्ययन गरी प्रस्ताव पेस गर्ने ।

ख) जाति, भाषा, धर्म तथा संस्कृतिसम्बन्धी समस्या तथा समाधानका उपाय सम्बन्धमा अध्ययन गरी सुझावसहितको प्रतिवेदन पेस गर्ने ।

ग) विभिन्न जाति, जनजाति तथा समुदायका संस्कृति, भाषा, साहित्य र लिपिको संरक्षण तथा विकासमा सहयोग पुऱ्याउन अपनाउनु पर्ने नीतिका सम्बन्धमा अध्ययन गरी सुझाव प्रस्तुत गर्ने ।

घ) जाति, भाषा, धर्म, संस्कृति, साहित्य र कलासँग सम्बन्धित विभिन्न सङ्घ-संस्थाहरूका सम्बन्धमा अध्ययन गरी तिनका सम्बन्धमा अपनाउनु पर्ने नीति प्रस्ताव गर्ने ।

ङ) जाति, भाषा, धर्म, संस्कृति, साहित्य र कलासँग सम्बन्धित पार्टी नीतिमा समयोचित परिमार्जन गर्न प्रस्ताव पेस गर्ने ।

च) प्रगतिशील एवम् जनमुखी संस्कृति र संस्कारको विकासका लागि योजना बनाई पेस गर्ने ।

छ) पार्टीका नेता-कार्यकर्ताहरूले अवलम्वन गर्नुपर्ने आचरण र समाजको सांस्कृतिक रूपान्तरणका सम्बन्धमा सुझाव प्रस्तुत गर्ने ।

ज) साहित्यिक र साँस्कृतिक पत्रिका प्रकाशन गर्ने ।

झ) जाति, भाषा, धर्म र संस्कृति एवम् जनवादी साहित्य र संस्कृतिसम्बन्धी विषयमा गोष्ठी, छलफल, कार्यशाला आदिको आयोजना गर्ने ।

ञ) साँस्कृतिक तथा साहित्यिक संस्थाहरू र विभिन्न क्षेत्रका साहित्यकार तथा कलाकर्मीहरूसँग सम्बन्ध विस्तार गर्ने ।

३१. **स्थानीय तह विभाग**

क) विशेषज्ञहरूसँग छलफल गरी स्थानीय तहको विकासका लागि मौजुदा ऐन, कानुन र संरचनाका सम्बन्धमा सुझाव दिने ।

ख) यस क्षेत्रको समग्र अध्ययन गरी पार्टीले लिनुपर्ने नीतिसम्बन्धी प्रतिवेदन प्रस्तुत गर्ने ।

ग) यस क्षेत्रमा कार्यरत पार्टी कार्यकर्तालाई योग्य र सक्षम बनाउन भेला, गोष्ठी र प्रशिक्षणको योजना निर्माण गरी पेस गर्ने ।

घ) स्थानीय सरकारको सेवा र कामलाई जनमुखी र प्रभावकारी बनाउन सुझाव दिने ।

ङ) स्थानीय विकासका लागि स्थानीय साधन स्रोत परिचालनबारे विज्ञहरूसँग छलफल गरी सुझाव दिने ।

च) स्थानीय सरकारलाई पार्टी नीतिअनुरूप प्रभावकारी ढङ्ले सञ्चालन गर्न योजना बनाई पेस गर्ने ।

छ) स्थानीय विकासलाई राष्ट्रिय विकासको समग्र धारणाअनुरूप अगाडि बढाउन तथा स्थानीय विकासमा जनसहभागिता

जुटाउनका लागि पार्टी पङ्क्ति परिचालित गर्न नीति तथा योजना पेस गर्ने ।

ज) स्थानीय विकाससँग सम्बन्धित विशेषज्ञहरूको अभिलेख तयार पार्ने ।

झ) स्थानीय विकाससम्बन्धी नीति तयार पार्न आवश्यक कार्यक्रमहरूको आयोजना गर्ने ।

३२. **स्वास्थ्य तथा जनसङ्ख्या विभाग**

क) स्वास्थ्य तथा जनसङ्ख्या क्षेत्रसँग सम्बन्धित नीतिमा परिमार्जन र विकास गर्न प्रस्ताव पेस गर्ने ।

ख) स्वास्थ्य क्षेत्रका समस्या तथा समाधानका सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेस गर्ने ।

ग) स्वास्थ्य क्षेत्रसँग सम्बन्धित विभिन्न सङ्घ-संस्थाहरूका सम्बन्धमा अध्ययन गरी अभिलेख राख्ने ।

घ) स्वास्थ्य क्षेत्रसँग सम्बन्धित सङ्गठनहरूको सम्बन्धमा नीतिगत प्रस्ताव प्रस्तुत गर्ने ।

ङ) स्वास्थ्य क्षेत्रसँग सम्बन्धित विषयहरूमा गोष्ठी तथा छलफल आयोजना गर्ने ।

च) राष्ट्रिय जनसङ्ख्या नीति निर्माण गर्न विशेषज्ञहरूसँग छलफल गरी सुझाव दिने ।

छ) आवश्यकताअनुसार स्वास्थ्य शिविरहरू सञ्चालन गर्ने ।

## परिच्छेद- ८
## सम्पर्क मञ्च

**१४. काठमाडौँ उपत्यकामा सम्पर्क समन्वय कमिटी र प्रदेश सम्पर्क कमिटीको मातहतमा देहायबमोजिमका सम्पर्क मञ्चहरू रहनेछन्ः**

क) जिल्ला सम्पर्क मञ्च,

ख) प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय सम्पर्क मञ्च ।

१५. पार्टीसम्बद्ध जनवर्गीय, पेशागत र सामुदायीक सङ्गठनहरूले सम्पर्क मञ्चहरू गठन गर्ने छैनन् ।

१६. सम्पर्क समन्वय कमिटी तथा प्रदेश सम्पर्क कमिटी अन्तर्गत कार्यरत सङ्गठित सदस्यहरू आ-आफ्नो कार्यक्षेत्रमा शाखा वा प्रारम्भिक कमिटी वा पार्टी सेलमा सङ्गठित हुनेछन् । तर उनीहरूले सम्बन्धित भूगोलका प्रदेश वा स्थानीय कमिटीका अधिवेशनमा प्रतिनिधि हुन वा कमिटीमा उम्मेदवार बन्न पाउने छैनन् ।

१७. सम्पर्क समन्वय कमिटीको पदाधिकारी वा सदस्य हुन काठमाडौं उपत्यका बाहिरको र प्रदेश सम्पर्क कमिटी वा सम्पर्क मञ्चहरूको पदाधिकारी वा सदस्य हुन सम्बन्धित प्रदेश, जिल्ला वा निर्वाचन क्षेत्रको मतदाता नामावलीमा नाम समावेश भएको हुनुपर्नेछ ।

१८. सम्पर्क मञ्चको गठन, अधिकार, कर्तव्य र सञ्चालन विधि 'सम्पर्क मञ्च सञ्चालन निर्देशिका' बमोजिम हुनेछ ।

## परिच्छेद– ९
## प्रवास क्षेत्रको काम

१९. विभिन्न मुलुकमा रहेका प्रवासी नेपालीहरू र उनीहरूले आफ्ना सामुदायिक हितका लागि गठन गरेका सङ्गठनहरूप्रति पार्टीको सद्भाव र सहयोग रहनेछ । त्यसका लागि अन्तराष्ट्रिय तथा सम्बन्धित मुलुकको कानुनी व्यवस्था प्रतिकूल नहुने गरी उपयुक्त विधि निश्चित गरिनेछ ।

## परिच्छेद– १०
## विविध

२०. **मर्यादाक्रम**

क) हरेक पार्टी कमिटीले निम्न मापदण्डका आधारमा आफ्नो कमिटीका सदस्यको मर्यादाक्रम तोक्न सक्नेछ :

१. विद्यमान जिम्मेवारी,
२. पार्टी सदस्यता प्राप्त मिति,

३. पार्टीमा पूर्णकालीन भएर काम गरेको समय,
४. पार्टीका विभिन्न कमिटीमा रहेर गरेको योगदान,
५. पार्टी कामको निरन्तरता र क्रियाशीलता ।

ख) सम्पर्क मञ्चहरूका पदाधिकारी र सदस्यहरूको पार्टी मर्यादा देहायबमोजिम हुनेछ :

१. जिल्ला सम्पर्क मञ्चका पदाधिकारी र सदस्यको मर्यादा प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय कमिटीका सदस्यसरह,

२. प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय सम्पर्क मञ्चका पदाधिकारी र सदस्यको मर्यादा प्रदेशसभा निर्वाचन क्षेत्रीय कमिटीका सदस्यसरह,

ग) पार्टी सम्बद्ध जनवर्गीय सङ्गठनका पदाधिकरी र सदस्यहरूको मर्यादा देहायबमोजिम हुनेछ :

१. केन्द्रीय पदाधिकारीको प्रदेश कमिटी सदस्य सरह, केन्द्रीय सचिवालयका सदस्यहरूको जिल्ला कमिटीका सचिवालय सदस्य सरह र केन्द्रीय कमिटीका सदस्यहरूको जिल्ला कमिटी सदस्यसरह हुनेछ ।

२. प्रदेश कमिटीका पदाधिकारीहरूको प्रतिनिधिसभा निर्वाचन क्षेत्र समन्वय कमिटीका सचिवालय सदस्यसरह र सदस्यहरूको प्रतिनिधिसभा निर्वाचन क्षेत्र समन्वय कमिटीका सदस्यसरह हुनेछ । जिल्ला कमिटीका पदाधिकारी र सदस्यहरूको नगर वा गाउँ कमिटीका सदस्यसरह हुनेछ ।

## २१. मनोनयन सिफारिश

पार्टीको कुनै पनि कमिटी, परिषद्, विभाग, मञ्च र संयन्त्रमा मनोनयनका निम्ति सिफारिश गर्दा अनुसूची- ७ बमोजिमको सिफारिश-पत्र सम्बन्धित कमिटीमा प्रस्तुत गर्नुपर्नेछ ।

## २२. पार्टी प्रवेश

क) पार्टीमा प्रवेश गर्ने व्यक्तिले अनुसूची- ८ बमोजिमको आवेदन-पत्र सम्बन्धित कमिटीमा बुझाउनुपर्नेछ ।

ख) सम्बन्धित कमिटीले प्रवेश गर्ने व्यक्तिलाई सङ्गठित गर्नुपर्नेछ ।

## २३. कार्ययोजना र प्रतिवेदन

क) भौगोलिक क्षेत्र, विभाग र फाँटका इन्चार्ज, अध्यक्ष र प्रमुखले आफ्नो कार्यक्षेत्रको कार्ययोजना हरेक बर्षको पहिलो महिनामा, कामको आवधिक प्रतिवेदन प्रत्येक छ महिनामा र बार्षिक समीक्षा प्रतिवेदन वर्षको अन्तमा सम्बन्धित तहको सचिवालयमा बुझाउनुपर्नेछ । विशेष अभियानको प्रतिवेदन अभियान सकिए लगत्तै सम्बन्धित तहको सचिवालयमा बुझाउनुपर्नेछ ।

## २४. अनुमति र कार्यभार हस्तान्तरण

क) सबै तहका पार्टी कमिटीका पदाधिकारी तथा सदस्यहरूले आफ्नो कार्यक्षेत्रबाट बाहिर जानुपरेमा सम्बन्धित कमिटीको अध्यक्षको अनुमति लिनुपर्नेछ । केन्द्रीय कमिटीमा एक अध्यक्षले अर्को अध्यक्षलाई र मातहतका कमिटीमा अध्यक्षले सचिवलाई कार्यभार दिनुपर्नेछ । विभागका प्रमुखले सम्बन्धित कमिटीको अध्यक्ष र सचिव एवम् सदस्यले विभाग प्रमुखको अनुमति लिनुपर्नेछ । केन्द्रीय कमिटीका दुवै अध्यक्ष मुलुक बाहिर जानुपरेमा वरिष्ठताको आधारमा कार्यभार दिनुपर्नेछ ।

ख) निर्वतमान कमिटीले नवगठित कमिटीलाई कमिटी गठन भएको १५ दिनभित्र स्रेस्ता, सम्पत्ति र हिसाव-कितावसहित कार्यभार हस्तान्तरण गनुपर्नेछ ।

## २५. नियमावलीको व्याख्या

यस नियमावलीको अन्तिम व्याख्या पार्टीको केन्द्रीय कमिटीले गर्नेछ ।

## २६. नियमावली संशोधन

पार्टी केन्द्रीय कमिटीले यस नियमावलीमा आवश्यक संशोधन गरी लागू गर्न सक्नेछ ।

## २७. विनियम, निर्देशिका र आचारसंहिता

क) पार्टीको कार्य सम्पादनलाई सुव्यवस्थित गर्न केन्द्रीय कमिटीले देहायबमोजिमका विनियम, निर्देशिका र आचारसंहिता बनाई लागू गर्नेछ:

१. आर्थिक विनियम,
२. कार्यकर्ता संरक्षण कोष विनियम,
३. केन्द्रीय कार्यालयका कर्मचारीहरूको सेवा-शर्तसम्बन्धी विनियम,
४. पार्टी स्कुल सञ्चालन निर्देशिका,
५. प्रतिष्ठान सञ्चालन निर्देशिका,
६. प्रवास क्षेत्रको कामसम्बन्धी निर्देशिका,
८. सम्पर्क मञ्च सञ्चालन निर्देशिका,
९. अन्य आवश्यक विनियम तथा निर्देशिका,
१०. आचारसंहिता ।

## २८. बाधा अड्काउ फुकाउ

यस नियमावलीको प्रयोग गर्दा उत्पन्न बाधा अड्काउ फुकाउन केन्द्रीय कमिटीले आवश्यक आदेश वा निर्देशन जारी गर्न सक्नेछ ।

## २९. खारेजी र बचाऊ

यो नियमावली लागू भएपछि यसअघिका नियमावली खारेज भएको मानिनेछ । यसअघिका नियमावली अनुरूप भए-गरेका कामहरू यसै नियमावली अनुरूप गरिएको मानिनेछ ।

●

### अनुसूची– १

# नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
# सदस्यता विवरण

(विधानको धारा- १५ तथा नियमावलीको नियम ३ (क) सँग सम्बन्धित)

प्रदेश ................. जिल्ला .................................. प्रतिनिधिसभा निर्वाचन क्षेत्र.............................
प्रदेशसभा निर्वाचन क्षेत्र..........................................नगर/गाउँ ............................... वडा .........

| क्रसं. | नामथर | ठेगाना | जन्म मिति | जाति/समुदाय | लिङ्ग | वर्ग | सदस्यता प्राप्त मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

प्रमाणित गर्ने

नामथर :

पद र कमिटी :

हस्ताक्षर :

मिति :

अनुसूची – २

# नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
# सङ्गठित सदस्यता विवरण

(विधानको धारा- १५ नियमावलीको नियम ३ (ज) सँग सम्बन्धित)

प्रदेश ................. जिल्ला ................................... प्रतिनिधिसभा निर्वाचन क्षेत्र..............................
प्रदेशसभा निर्वाचन क्षेत्र..........................................नगर/गाउँ ................................ वडा .........

| क्रसं. | सङ्गठित सदस्यता नम्बर | नामथर | ठेगाना | जन्म मिति | जाति/समुदााय | लिङ्ग | वर्ग | सङ्गठित सदस्यता प्राप्त मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

प्रमाणित गर्ने

नामथर :

पद र कमिटी :

हस्ताक्षर :

मिति :

अनुसूची- ३

# नेपाल कम्युनिष्ट पार्टी (नेकपा)

## परिचय-पत्र

(नियमावलीको नियम- ५ (ङ) सँग सम्बन्धित)

**नेपाल कम्युनिष्ट पार्टी (नेकपा)**

**परिचय-पत्र**

सङ्गठित सदस्यता नम्बर :

| | |
|---|---|
| नामथर : ______ | प्रमाणित गर्नेको हस्ताक्षर : ______ |
| स्थायी ठेगाना : ______ | नामथर : ______ |
| जन्म मिति : ______ | कमिटी र पद : ______ |
| कमिटी/निकाय : ______ | जारी मिति : ______ |
| पद : ______ | मान्य अवधि : ______ |

## अनुसूची- ४

# अन्य कम्युनिष्ट समूहबाट नेपाल कम्युनिष्ट पार्टी (नेकपा) मा एकीकृत/समाहित हुने व्यक्तिको राजनीतिक तथा साङ्गठनात्मक विवरण

(विधानको धारा- १३ र नियमावलीको नियम- ६ (ख) सँग सम्बन्धित)

मिति.........................

कमरेड अध्यक्ष,
..............................................कमिटी
नेपाल कम्युनिस्ट पार्टी (नेकपा)

**विषय : राजनीतिक तथा सङ्गठनात्मक विवरण सम्बन्धमा ।**

म नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को सिद्धान्त, कार्यक्रम तथा नीतिप्रति प्रतिबद्धता व्यक्त गर्दछु । यस पार्टीमा एकीकृत/समाहित भएर पार्टी विधान अनुरूप सङ्गठित भई तोकिएको जिम्मेवारी पूरा गर्न चाहन्छु । मेरो व्यक्तिगत विवरण निम्नानुसार छः

१. नामथर : ............................ २. जन्म मिति : ............................
३. स्थायी ठेगाना : ............................ ४. अस्थायी ठेगाना : ............................
५. आमाको नामः ............................ ६. बाबुको नाम : ............................
७. जाति/समुदाय : ............................ ८. वर्ग : ............................
९. लिङ्ग : ............................ १०. शिक्षा : ............................
११. पेशाः ............................
१२. एकीकृत/समाहित हुनुपूर्वको राजनीतिक दल : ............................
१३. सदस्यता प्राप्त मिति : ............................ १४. सदस्यता नम्बर : ............................
१५. सङ्गठित कमिटी : ............................ १६. पद : ............................
१७. कामको अनुभव र रुची : ............................
१८. संक्षिप्त राजनीतिक पृष्ठभूमि : ............................
............................................................
............................................................

आवेदकको हस्ताक्षर :

१) सदस्यता/सङ्गठित सदस्यतासम्बन्धी सिफारिशः............................
२) जिम्मेवारीसम्बन्धी सिफारिशः............................

सिफारिस गर्ने कमिटी :............................
अध्यक्षको नाम : ............................ हस्ताक्षर :.................. मिति :..................

निर्णय गर्ने कमिटी :............................
अध्यक्षको नाम : ............................ हस्ताक्षर :.................. मिति :..................

## अनुसूची- ५

# नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
# सङ्गठित सदस्यता स्थानान्तरण-पत्र

(नियमावलीको नियम- ७ (ङ) सँग सम्बन्धित)

मिति : ...............

कमरेड अध्यक्ष,

...........................................

नेपाल कम्युनिष्ट पार्टी (नेकपा)

**विषय : सङ्गठित सदस्यता स्थानान्तरण सम्बन्धमा ।**

कमरेड, निम्न विवरणका कमरेडको सङ्गठित सदस्यता त्यस कमिटी अन्तर्गत रहने गरी स्थानान्तरण गरिएको/स्थानान्तरण गर्न सिफारिश गरिएको छ । उहाँलाई उपयुक्त कमिटीमा सङ्गठित गरी पार्टी काममा लगाउन हुन अनुरोध गर्दछु ।

सिफारिस/सरुवा गर्ने कमिटी : ..........................................................................

सिफारिस/सरुवा पत्रको मिति : ..........................................................................

**व्यक्तिगत विवरण**

नामथर : ..........................................................................

जन्म मिति : ..........................................................................

सङ्गठित सदस्यता प्राप्त मिति : ..........................................................................

सङ्गठित सदस्यता नम्बर : ..........................................................................

सङ्गठित सदस्यता नवीकरण मिति : ..........................................................................

स्थानान्तरण हुनुअघि सङ्गठित कमिटी : ..........................................................................

पद : ..........................................................................

स्थानान्तरण गर्नु पर्नाको कारण : ..........................................................................

हार्दिक अभिवादनसहित !

.......................................................

.......................................................

वोधार्थ

.......................................................

.......................................................

## अनुसूची ६
# सदस्यता स्थानान्तरण–पत्र

(नियमावलीको नियम- ७ (च) सँग सम्बन्धित)

मिति : ................

कमरेड अध्यक्ष,

................... .........................
नेपाल कम्युनिष्ट पार्टी (नेकपा)

**विषय : सदस्यता स्थानान्तरण सम्वन्धमा ।**

कमरेड,

निम्न विवरणका कमरेडको पार्टी सदस्यता त्यस कमिटी अन्तर्गत रहने गरी स्थानान्तरण गरिएको/स्थानान्तरण गर्न सिफारिश गरिएको छ । निजलाई उपयुक्त जिम्मेवारीका साथ पार्टी काममा लगाउन हुन अनुरोध गरिन्छ ।

सिफारिस गर्ने कमिटी :......................................................
सरुवा पत्रको मिति :......................................................

**व्यक्तिगत विवरण**

नामथर :......................................................
जन्म मिति :......................................................
सदस्यता प्राप्त मिति :......................................................
सदस्यता नवीकरण मिति :......................................................
स्थानान्तरण गर्नु पर्नाको कारण :......................................................

हार्दिक अभिवादन सहित !

........................................................
........................................................

बोधार्थ

........................................................
........................................................

## अनुसूची- ७
# नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
# मनोनयन सिफारिस विवरण

(नियमावलीको नियम- २५ सँग सम्बन्धित)

(कमिटी, परिषद्, विभाग र संयन्त्रका सदस्यको मनोनयन प्रयोजनका निम्ति)

मिति : ................

.............................
नेपाल कम्युनिष्ट पार्टी (नेकपा)

सिफारिस गरिएको जिम्मेवारी : ..........................................................................
कमिटी/परिषद्/विभाग/संयन्त्र : .......................................................................
स्थान/सङ्गठन :............................................ पद : ....................................

**सिफारिश गरिएको व्यक्तिको विवरण**

१. नामथर : .................................................. २. जन्म मिति : ..............................
३. स्थायी ठेगाना : ........................................ ४. अस्थायी ठेगाना : ........................
५. आमाको नाम : ......................................... ६. बाबुको नाम : ..............................
७. जाति/समुदाय : ........................................ ८. वर्ग : ..........................................
९. लिङ्ग : .................................................... १०. शिक्षा : ......................................
११. पेशा : ....................................................
१२. सङ्गठित सदस्यता प्राप्त मिति : ................ १३. सदस्यता नम्बर : ..........................
१४. सङ्गठित कमिटी : ..................................... १५. पद : ...........................................
१६. कामको अनुभव : ..........................................................................................
१७. संक्षिप्त राजनीतिक पृष्ठभूमि : ........................................................................
...........................................................................................................................
...........................................................................................................

सिफारिस गर्नेको
हस्ताक्षर :.................................................. नामथर :..................................................
पद :.......................................................... कमिटी :..................................................
मिति :......................................................

### अनुसूची- ८

## नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
## पार्टी प्रवेश आवेदन–पत्र

(नियमावलीको नियम- २६ (क) सँग सम्बन्धित)

**नेपाल कम्युनिष्ट पार्टी (नेकपा)**

**प्रवेश आवेदन–पत्र**

मिति : ................

कमरेड अध्यक्ष,

............................................

नेपाल कम्युनिष्ट पार्टी (नेकपा)

म नेपाल कम्युनिष्ट पार्टी (ने क पा) का सिद्धान्त, कार्यक्रम र विधानलाई स्वीकार गरी यस पार्टीमा प्रवेश गर्न चाहन्छु । मलाई यस पार्टीमा प्रवेश गर्ने अनुमति प्रदान गर्नु हुन अनुरोध गर्दछु ।

नामथर.....................................................

स्थायी ठेगाना............................................

हस्ताक्षर .................................................